बोनस नियमावली, २०३९
वैदेशिक रोजगार नियमावली, २०६४
योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५

## बैदेशिक रोजगारमा जाने व्यक्तिहरूका लागि अत्यन्त जरूरी सूचना

बैदेशिक रोजगारमा हुने ठगी र अन्य सूचना लिन र दिन टोल फ्रि नं. १६६००१०९९९९ को व्यवस्था गरिएकोले कुनैगुनासो वा जानकारी भए फोन गर्नुहोस । साथैबैदेशिक रोजगार प्रवर्द्धन बोर्डको टोल फ्रि नं. १६६००१५०००५ मा पनि आफ्नो समस्या राख्न सकिन्छ।

पहिलेको श्रम स्वीकृति म्याद नाघेको वा नयाँ देश वा कम्पनीमा बैदेशिक रोजगारमा पुनः जाँदा अनिवार्यरुपले पुनः श्रम स्वीकृति (नविकरण) लिनुहोस्। करार अवधि सकिएपछि पनि स्वीकृति वेगर, गैरकानुनी तरीकाबाट भिषाको म्याद भन्दा बढी समय नबस्नुहोस्अन्यथा सम्बन्धित देशको कानून अनुसार कार्वाही हुन सक्छ। आफ्नो राहदानीको म्याद समयमा नै नविकरण गर्नुहोस्।


कुनैपनि व्यक्तिले बैदेशिक रोजगारीमा पठाईदिन्छु भनी रकम मागेमा तुरुन्त नजिकको स्थानीय प्रशासन, प्रहरी, बैदेशिक रोजगार विभागमा सूचना दिनुहोस्।

बैदेशिक रोजगारीका लागि विभिन्न पत्रपत्रिकामा प्रकाशित हुने सूचनाको आधिकारिकता बुझ्न परेमा बैदेशिक रोजगार विभाग वा वैदेशिक रोजगार प्रवर्धन वोर्डमा सम्पर्क गर्नुहोस् वा पत्रपत्रिकामा प्रकाशित विज्ञापनमा उल्लेखित Lot Number टाइप गरि ३४००१ मा SMS गरी आधिकारिकता बुझ्नुहोस। (उदाहरणको लागि Lt No: 202020 छ भने LT<space>202020 टाईप गरि ३४००१ मा SMS गर्नुहोस्)

बैदेशिक रोजगार विभाग वा कार्यालयबाट श्रम स्वीकृति नलिईवैदेशिक रोजगारमा जानुहुँदैन।

वैदेशिक रोजगारमा जानु पूर्व अभिमुखीकरण तालिम लिनुपर्छर जान लागेको देश, आफूले गर्ने काम र पाउने पारिश्रमिकबारे राम्ररी जानकारी लिई जानुपर्छ।

आफ्नो मोबाइलको Google Play Store मा गएर "Baideshik Rojgari" नामक मोबाइल एप्लिकेशन डाउनलोड गरेर थप जानकारी लिन सकिन्छ।




सकेसम्म स्वदेशमा नै परिश्रम गरौं
विदेश गएर पैसा कमाउन त्यति सजिलो छैन ॥

असल श्रम सम्बन्धको आधार
सामाजिक सुरक्षा र रोजगार ॥


औद्योगिक दुर्घटना न्यूनीकरण गरौं
व्यवसायजन्य रोग लाग्नबाट बचौं ॥

सुमधुर श्रम सम्बन्ध कायम गरौं
उत्पादकत्व वृद्धि गरौं ॥

कार्यस्थलमा सुरक्षाका उपकरणहरू प्रयोग गरौं
प्राणघातक रोग लाग्नबाट बचौं, बचाऔं ॥

बाल श्रमको प्रयोग नगरौं, नगराऔं ॥

योगदानमा आधारित सामाजिक सुरक्षा
हाम्रो साझा प्रतिबद्धता ॥





०८३-५२०३२४
olesurkhet@gmail.com






नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग
**श्रम तथा रोजगार कार्यालय, सुर्खेत**
कालुङ्गचोक, वीरेन्द्रनगर, सुर्खेत




## १. पृष्ठभूमि

आन्तरिक श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, श्रमको क्षेत्रमा सुरक्षा र स्वास्थ्यको प्रवर्द्धन, बालश्रम निवारण तथा वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने लगायत श्रमको वृहत्तर दायरा समेटेर कार्य गर्ने नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग मातहतको श्रम तथा रोजगार कार्यालयले पनि मन्त्रालय र विभागको निर्दिष्ट लक्ष्य बमोजिम लक्ष्य प्राप्तिका लागि कर्णाली प्रदेशमा रहेर श्रम तथा रोजगारका क्षेत्रमा कार्य गर्दै आएको छ।

नेपालको परिवर्तित राजनीतिक संरचना बमोजिम कर्णाली प्रदेशमा श्रम तथा रोजगारको क्षेत्रमा सम्पूर्ण कार्य गर्ने गरी स्थापना भएको श्रम तथा रोजगार कार्यालय, सुर्खेतको नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्री श्री गोकर्णराज विष्ट ज्यूद्वारा मिति २०७५ साल मंसिर १२ गते विधिवत रुपमा उद्घाटन भएको हो।

## २. श्रम तथा रोजगार कार्यालयको उद्देश्य

आन्तरिक एवम् वैदेशिक श्रम तथा रोजगारलाई व्यवस्थित, सुरक्षित तथा मर्यादित बनाउने सम्बन्धमा यस कार्यालयका उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।

- ✔ श्रम ऐन, श्रम नियमावली, तथा श्रम सम्बन्धी कानून लागू गराउने।
- ✔ रोजगारदाता र श्रमिकको बीचमा सुमधुर श्रम सम्बन्ध स्थापित गराउने।
- ✔ आवश्यक परेको खण्डमा रोजगारदातालाई प्राविधिक सहयोग उपलब्ध गराउने।
- ✔ व्यवसायजन्य सुरक्षा, श्रम विवादको समाधान, आन्तरिक श्रम सम्बन्धको विकास मार्फत श्रमिकको हक हित सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने।
- ✔ बाल श्रम निषेध र नियमन गर्ने ऐन, २०५६ तथा श्रम ऐन, २०७४ को अधीनमा रही बाल श्रम निवारणको क्षेत्रमा कार्य गर्ने।

## ३. श्रम तथा रोजगार कार्यालय, सुर्खेतबाट प्राप्त हुने सेवा तथा प्राप्त गर्ने विधि




### ३.१ व्यवसायजन्य सुरक्षा सम्बन्धी







- उद्योग ⁄ प्रतिष्ठानमा हुने दुर्घटना एवम् व्यवसायजन्य रोग सम्बन्धी विवरणको अभिलेख संकलन तथा जाँचबुझ गर्ने,
- औद्योगिक प्रतिष्ठानहरूमा सुरक्षाका लागि आवश्यक जानकारी तथा सुझाव प्रदान गर्ने,
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी श्रम ऐन तथा नियमावलीमा भएका व्यवस्थाहरु लागू भए ⁄ नभएको निरीक्षण गरी नभएको अवस्थामा लागु गराउने।

### ३.२ ट्रेड युनियन सम्बन्धी

- प्रतिष्ठानस्तरका ट्रेड यूनियनहरूको दर्ता एवम् नवीकरण गर्ने,
- आधिकारीक ट्रेड युनियनको चूनाव गराउने,
- प्रतिष्ठानस्तरका ट्रेड यूनियनहरू सम्बन्धी अभिलेख व्यवस्थापन गर्ने।






#### ३.२.१ प्रतिष्ठान स्तरका ट्रेड यूनियन दर्ता तथा नवीकरण प्रक्रिया

- सम्बन्धित प्रतिष्ठानका कामदारहरुले आफनो पेशागत हक हितको संरक्षण र सम्वर्द्धन गर्न प्रतिष्ठानस्तरको ट्रेड यूनियनहरुको गठन गर्न सक्ने,
- यसरी गठित प्रतिष्ठानस्तरको ट्रेड यूनियन दर्ता ⁄ नवीकरण गराउनको लागि कार्य समितिले तोकेको पदाधिकारीले कम्तीमा दश जना सदस्यहरुको हस्ताक्षर गराई सो ट्रेड यूनियनको विधान र तोकिएको दस्तुर संलग्न राखी तोकिएको विवरण सहित तोकिए बमोजिमको ढाँचामा पञ्जिकाधिकारी समक्ष दरखास्त दिनु पर्ने,
- त्यसरी परेको दरखास्त उपर पञ्जिकाधिकारीले दर्ता ⁄ नवीकरणको लागि रीत पुगे नपुगेको हेरी दरखास्त परेको मितिले वा ट्रेड यूनियन ऐन, २०४९ को दफा ६ बमोजिम थप विवरण मागिएकोमा त्यस्तो विवरण प्राप्त भएको मितिले पन्ध्र दिनभित्र त्यस्ता ट्रेड यूनियन दर्ता गरी तोकिए बमोजिमको ढाँचामा दरखास्तवालालाई दर्ताको प्रमाणपत्र दिइने,
- तर सम्बन्धित प्रतिष्ठानको कम्तीमा पच्चीस प्रतिशत कामदारहरू सदस्य नभएको प्रतिष्ठानस्तरको ट्रेड यूनियनलाई दर्ता गरिने छैन ।

### ३.३ श्रमिक आपूर्तिकर्ता संघ/संस्थाहरूको इजाजत सम्बन्धी

- श्रमिक आपूर्तिकर्ता संघ ⁄ संस्थाहरूको इजाजत दिने,
- श्रमिक आपूर्तिकर्ता संघ ⁄ संस्थाहरूको नवीकरण इजाजत दिने,
- श्रमिक आपूर्तिकर्ता संघ ⁄ संस्थाहरूको अनुगमन गर्ने।

श्रमिक आपूर्तिकर्ता संघ ⁄ संस्थाले इजाजत लिनका लागि श्रम ऐन, २०७४ को परिच्छेद ११ तथा श्रम नियमावली, २०७५ को नियम २७ र विभागले तोकेका अन्य कागजात सहित नियमावलीको अनुसूचि ७ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्ने ।

### ३.४ बालश्रम निवारण सम्बन्धी

- बालश्रम सम्बन्धी निरीक्षण गरी बाल श्रम प्रयोगलाई निरुत्साहित गर्ने,
- बालश्रम लगाइएको पाइएमा तत्काल उद्धार र रोजगारदातालाई कारबाही गर्ने,
- बालश्रम प्रयोग सम्बन्धमा परेका उजूरी उपर कानुन बमोजिम निर्णय गर्ने,
- बालश्रमको प्रयोगलाई निरुत्साहित गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।








### ३.५ असल श्रम सम्बन्ध कायम सम्बन्धी

- उद्योग प्रतिष्ठान एवम् रोजगारदाताको कार्यस्थलको निरीक्षण गर्ने,
- न्यूनतम पारिश्रमिक लगायत श्रम कानूनमा भएका व्यवस्था लागू भए ⁄ नभएको निरीक्षण गर्ने,
- व्यवस्थापकले श्रम अडिटको प्रतिवेदन पेश गरे नगरेको निरीक्षण गर्ने,
- श्रम कानून बमोजिमका श्रम विवाद सम्बन्धी उजुरीमा निर्णय गर्ने,
- रोजगारदातालाई आवश्यक परेमा प्राविधिक सहयोग उपलब्ध गराउने,
- बोनस ऐन अन्तरगत उत्पन्न विवादहरूको वार्ताद्वारा समाधान गर्ने।

### ३.६ वैदेशिक रोजगार सम्बन्धी

- वैदेशिक रोजगार ऐन, २०६४ को दफा १९ र २१ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारको पुनः श्रम स्वीकृति (Re-entry) दिने सम्बन्धी कार्य,
- वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४७ र ४८ मा उल्लिखित व्यवस्थाको पालना गरे नगरेको सम्बन्धी अनुगमन गर्ने।




#### ४.६.१ पुन : श्रम स्वीकृतिको सेवा प्राप्त गर्ने प्रक्रिया

- वैदेशिक रोजगार विभागको अनलाइन पद्धतिबाट व्यक्तिगत रूपले पुनः श्रम स्वीकृति (Re-entry) प्राप्त गर्न सकिने,
- श्रम स्वीकृति प्राप्त गर्नका लागि वैदेशिक रोजगार विभागको अनलाइन सूचना प्रणाली www.feims.dofe.gov.np मा अनलाइन फाराम भर्नुपर्छ ।

## श्रम रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित कानूनी व्यवस्था:

**ऐन**

- श्रम ऐन, २०७४
- ट्रेड यूनियन ऐन, २०४९
- बालश्रम (नियमित तथा निषेध गर्ने) ऐन, २०५६
- बोनस ऐन, २०३०
- वैदेशिक रोजगार ऐन, २०६४
- रोजगारीको हक सम्बन्धी ऐन, २०७५
- योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४

**नियमावली**

- श्रम नियमावली, २०७५
- ट्रेड यूनियन नियमावली, २०५०
- बालश्रम ( नियमित तथा निषेध गर्ने ) नियमावली, २०६२